**गण्डकी प्रदेश सभा**

छैटौं अधिवेशन

बैठक संख्याः-२०

सूचनापत्रः- २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मितिः २०८१/०३/१६

- गण्डकी प्रदेश सभाको मिति २०८१ साल असार १५ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको ०३ बजेर ३४ मिनेटमा प्रारम्भ भयो।
- बैठकको प्रारम्भमा आकस्मिक समयमा माननीय द्रोण कुमार कुँवरले बाग्लुङ्ग जिल्लाका विभिन्न ठाउँमा घटेको प्राकृतिक प्रकोपका बारेमा सभामुख मार्फत सरकारको ध्यानआकर्षण गराउनुभयो ।तत्पश्चात माननीय लिल बहादुर थापाले आकस्मिक समयमा प्राकृतिक प्रकोप तथा मानव उद्दारको बारेमा र बागलुङ् जिल्लाका विभिन्न ठाउँमा गएको बाढी पहिरोबाट पुगेको क्षति राहत एवं उद्दारको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।
- तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय कृष्ण प्रसाद पाठक, माननीय जित बहादुर शेरचन, माननीय टिका कुमारी वस्याल, माननीय दिपेन्द्र बहादुर थापा, माननीय देवका पहारी त्रिपाठी, माननीय पञ्चराम गुरुङ्ग, माननीय भक्त बहादुर कुँवर, माननीय महेश भट्टराई, माननीय यशोदा रिमाल, माननीय लिल बहादुर थापा, माननीय सरस्वती अर्याल तिवारी, माननीय सिता कुमारी सुन्दास, माननीय सुधिर कुमार पौडेल र माननीय श्यामराजा महतले समसामयिक विषयमा सभामा आफ्नो भनाई राख्नुभयो।
- तत्पश्चात "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" का विभिन्न मन्त्रालयगत शीर्षकहरुमाथिको बाँकी छलफलमा भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय माथिको छलफल प्रारम्भ भयो।
- तत्पश्चात माननीय पदमा जि.सी. श्रेष्ठले भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालयको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भनी खर्च कटौतीको प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो।
- उक्त मन्त्रालयगत शीर्षकहरुमाथिको छलफलमा माननीय चम्पादेवी खड्का, माननीय गोविन्द बहादुर नेपाली, माननीय रेशम बहादुर जुग्जाली, माननीय पार्वती तामाङ्ग, माननीय टिका कुमारी बस्याल, माननीय विन्दु पौडेल, माननीय सरस्वती गुरुङ् र माननीय भेष बहादुर पौडेलले भाग लिनुभयो ।
- तदुपरान्त सभाको अर्को बैठक २०८१ असार १६ गते विहान ११ बजे बस्नेगरी ५ बजेर ५८ मिनेटमा स्थगित भयो ।

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव